एम्नेस्टी इन्टरनेसनल नेपाल (एआइ नेपाल)
सामुदियक आत्मनिर्भर केन्द्र (सिएसआरसी)
न्याय तथा अधिकार संस्था (जुरी - नेपाल)

**काठमाडौं, असोज १५**

**लामो समयदेखिको भूमि सुधारसम्बन्धी प्रतिबद्धता पुरा गर्नका लागि विस्तृत कानुन आवश्यक**

लामो समयदेखिको भूमि सुधारको मुद्दालाई सम्बोधन गर्न र जीविकोपार्जनका लागि भूमिमाथि आश्रित घर परिवार र समुदायहरूको भूमिमाथिको पहुँच अभिवृद्धि गर्नका लागि एम्नेस्टी इन्टरनेसनल नेपाल (एआइ नेपाल), सामुदायिक आत्मनिर्भर केन्द्र (सिएसआरसी) र न्याय तथा अधिकार संस्था (जुरी-नेपाल) ले आज नेपाल सरकारलाई एकीकृत कानुनको तर्जुमा गरी कार्यान्विनयन गर्न आह्वान गरेका छन् ।

नेपालको संविधानले भूमिमाथिको पहुँचलाई मौलिक हकका रूपमा मान्यता दिएको भएतापनि जम्मा ५% जनसंख्याको ३७% कृषियोग्य भूमिमाथि नियन्त्रण रहेको छ । समग्रमा कृषिमा निर्भर नेपालका २६.१% परिवारहरूसँग खेतीका लागि जमिन छैन । केबल १९.७१% महिलाको भूस्वामित्व रहेको छ र दलित समूदायमा भूमिहीनताको समस्या चर्को छ । पहाडमा ३६.७% र मधेसमा ४१.४% दलितहरू भूमिहीन छन् भने भूस्वामित्व हुने दलितहरूसँग पनि एकदमै कम मात्राको भूमिमाथि स्वामित्व रहेको छ।

"सीमान्तकृत र विभेदमा पारिएका समुदायलाई उनीहरूको मर्यादित जीवन जीउने अधिकार, खाद्य अधिकार, पर्याप्त आवासको अधिकार लगायत अन्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न सक्षम बनाउनका लागि भूमि र उत्पादनमूलक श्रोतहरूमा उनीहरूको पहुँच अपरिहार्य छ" एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक निराजन थपलियाले भने । "दशक लामो सशस्त्र द्वन्द्व र नेपालका अन्य राजनीतिक र सामाजिक न्याय आन्दोलनको जड कारण सम्बोधन गर्न भूमिमा समान/न्यायीक पहुँच अभिवृद्धि लगायत आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको परिपूर्ति गराउनु अपरिहार्य छ ।"

भूमिहीनताको समस्या समाधान गर्ने दिशामा भूमि ऐनमा हालसालै गरिएको संशोधनलाई महत्त्वपूर्ण कदमका रूपमा लिँदै तीन अधिकार संस्थाहरूले आफ्नो *भूमिहीन जनताका लागि भूमि : भूमि ऐन २०२१ को संशोधनमाथिको टिप्पणी तथा सुझाव* शीर्षकको प्रतिवेदनमा उक्त संशोधनका सम्बन्धमा रहेका थुप्रै प्रक्रियागत र सारभूत त्रुटिहरूलाई औंल्याएका छन् । भूमिहीनताको परिभाषा, भोगाधिकारको निर्धारण, दलित र थारू लगायत अन्य आदिवासी समुदायका भूमिहीन किसानहरूलाई जग्गा प्रदान गर्ने मापदण्डको निर्धारण र भूमिहीनताको अवस्थाको निर्धारण गर्न स्वतन्त्र संयन्त्र निर्माण गर्ने लगायत विषयहरूका सम्बन्धमा रहेका त्रुटिहरूलाई उक्त प्रतिवेदनमा औंल्याइएको छ ।

"यदि सत्ताधारी र प्रतिपक्षी लगायत दलका नेतृत्व तथा नेपाल सरकार २००७ सालदेखि विभिन्न चुनावी घोषणापत्रहरूमा व्यक्त गरिएको भूमि सुधारसम्बन्धी, प्रतिबद्धताप्रति गम्भीर छन् भने उनीहरूले भूमिसम्बन्धी समस्यालाई सम्बोधन गर्ने सवालमा टुक्रे दृष्टिकोणलाई छाड्नुपर्छ र भूमि सुधारसम्बन्धी विस्तृत कानुन तर्जुमा गरी कार्यान्वयन गर्ने कामलाई प्राथमिकता दिनुपर्दछ" सीएसआरसीका कार्यकारी निर्देशक जगत बस्नेतले भने । "भूमिमाथि किसानको न्यायिक पहुँच स्थापनाको लक्षलाई वास्तविकतामा परिवर्तन गर्ने सच्चा राजनीतिक इच्छाशक्तिको अभावले नेपालमा भूमि सुधारको विषय बिस्तारै विस्मृतिको विषय बनिरहेको छ।"

नेपाल सरकारले आफू पक्ष भएका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार महासन्धि लगायतका मूख्य अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूलाई ध्यानमा राख्दै भविष्यमा बनाइने भूमिसम्बन्धी कानुनको दायरा भित्र भूमि सुधारसम्बन्धी संवैधानिक र मानवअधिकारका प्रतिज्ञाहरू र खेतीयोग्य जमिनमाथि किसान र जनजाति लगायत अन्य समूह र त्यस भित्रका महिलाको पहुँचलाई सुनिश्चित गर्न पनि प्रतिवेदनले जोड दिएको छ ।

"मौलिक हकसँग पनि प्रत्यक्ष सरोकार राख्ने भूमिसुधारका लागि एकीकृत दृष्टिकोणसहितको कानुन निर्माणको थालनी संविधान, अन्तर्राष्ट्रिय मानवअधिकार सन्धि र दिगो विकास लक्ष्यअन्तर्गतका प्रतिज्ञाहरूका सन्दर्भमा त्रुटीरहित मात्र नभई यसरी थालनी गरिने कुनै पनि विधेयक तथा नियमावलीको निर्माण प्रक्रिया खुला, पारदर्शी र सहभागितामूलक हुनुपर्दछ" जुरी नेपालका अध्यक्ष पंकज कुमार कर्णले भने। "कुनै पनि कानुन र सार्वजनिक नीतिको प्रभावकारिताका लागि सरोकारवालाहरूसँगको परामर्श र सहभागितामार्फत आर्जित फराकिलो स्वामित्व नै एक अनिवार्य पूर्व शर्त हो ।

प्रतिवेदनले शोषणकारी भूमि सम्बन्ध, भूमिमा आश्रितहरूका लागि भूमिमा पहुँच तथा भूमिमाथिको हदबन्दी लगायतका विभिन्न विषयहरूलाई संबोधन गर्नका लागि सरकारद्वारा एउटा समग्रतात्मक दृष्टिकोण अपनाउनुपर्ने सुझाव राखेको छ ।

**पृष्ठभूमि**

२०७२ सालमा नयाँ संविधान जारी भएपछि नेपाल सरकारले २०७५ सालमा भूमि ऐन (सातौं संशोधन) जारी गरी भूमि ऐन २०२१ लाई संशोधन गर्यो र नेपालको संविधान २०७२ को धारा ४० (५) कार्यान्वयनको लागि कानुनी रूपरेखा प्रदान गर्यो । संविधानको धारा ४० (५) अनुसार राज्यले भूमिहीन दलितहरूलाई भूमि उपलब्ध गराउनु पर्दछ । नेपालका राष्ट्रपतिले अनुमोदन गरेपछि यो संशोधन २०७५ साल असोज २ गतेबाट लागू भएको छ । त्यसपछि नेपाल सरकारले भूमि ऐनको आठौं संशोधनको लागि पनि संसदमा विधेयक पेश गरेको छ जसले अन्य विभिन्न कुराका साथै "भूमिहीन सुकुम्वासी" र "अव्यवस्थित बसोवासीहरू" लाई भूमिमा स्वामित्व प्रदान गर्ने लक्ष्य राखेको छ । आठौं संशोधन विधेयकलाई संसदका दुवै सदनहरू - प्रतिनिधिसभा र राष्ट्रिय सभाले अनुमोदन गरिसकेका छन् । उक्त विधेयक यो प्रतिवेदन तयार गरिँदै गर्दा राष्ट्रपतिबाट प्रमाणीकरण हुन बाँकी अवस्थामा रहेको छ ।